## बागमती प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको २०७७।१२।२९ गतेको बैठकको निर्णयहरू

निर्णय नं. १

बागमती प्रदेश सरकार र नेपाल सरकारबाट भएका कोभिड १९ संक्रमण, रोकथाम उपचार र नियन्त्रणको व्यवस्थाहरूको सम्बन्धमा समीक्षा गरियो।

निर्णय नं. २

नेपाल सरकारको कोभिड-१९ संकट व्यवस्थापन केन्द्र निर्देशक समितिको मिति २०७७।१२।२८ को बैठकको निर्णयहरु कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहलाई अनुरोध गर्ने ।

निर्णय नं. ३

कोभिड-१९ को संक्रमण बढ्दो अवस्थामा रहेकोले यसबाट पर्न सक्ने संकटलाई ध्यानमा राखी रोकथाम उपचार र नियन्त्रणको लागि सबै स्थानीय तह र प्रदेशका अस्पतालहरूले स्वास्थ्य क्षेत्रको संरचना एवं आवश्यक जनशक्तिलाई तत्काल परिचालन गर्न सक्ने अवस्थामा राख्ने गरि पूर्व तयारी गर्ने।

निर्णय नं. ४

यस प्रदेशको अन्तराष्ट्रिय नाकामा निगरानी वढाई प्रवेश द्वारमा कोभिड १९ संक्रमणको प्रारम्भिक चेक जाँच गर्न आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयले आवश्यक व्यवस्था मिलाउने ।वीरगंज नाकाको हकमा प्रदेश नं. २ सँगको सहकार्य गरी नेपाल भित्रिने व्यक्तिको कोभिड १९ संक्रमण सम्बनधी न्यूनतम सुरक्षा अवस्थाको चेक जाँच गरी संक्रमणको जोखिम देखिएका व्यक्तिहरुको पहिचान गर्ने व्यवस्था मिलाउन आन्तरिक मामिला तथा कानून मन्त्रालय र सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने।

निर्णय नं. ५

नागरिकलाई आफ्नो व्यक्तिगत सुरक्षाको उपायहरू अवलम्बन गर्न जनचेतना जगाउन सबै राजनैतिक दल, स्थानीय सरकार, शिक्षक, पत्रकार, समाज सेवीलाई अनुरोध गर्ने ।

निर्णय नं. ६

स्वास्थ्य सम्बन्धी जनशक्ति परिचालनको लागि आवश्यक स्रोत र साधनको व्यवस्था मिलाउन स्थानीय तह र सामाजिक विकास मन्त्रालयले आवश्यक प्रबन्ध गर्ने ।

सचिव

2077/12/29